कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, तेह्रथुम

म्याङलुङ, नेपाल

प.सं.: २०८२/८३
च.नं.

मिति :२०८३।०३।१७

**"कर्मचारीमाथि भएको कुटपिट तथा सांघातिक आक्रमणप्रति गम्भीर ध्यानाकर्षण सम्बन्धमा"**

मिति २०८३/०३/१५ गतेका दिन पूर्वाधार विकास कार्यालय, भोजपुरमा कार्यरत सब-इञ्जिनियर श्री आनन्द कुमार साह लाइ आफ्नो कार्यस्थलमा निर्माण आयोजनाको स्थलगत अनुगमनका क्रममा गुणस्तर कायम गर्न निर्देशन दिँदै गर्दा सांघातिक आक्रमण गरी निर्घात कुटपिट गरेको र कार्यालयको कार्य वातावरण भयवित बनाइएको घटना प्रति यस पूर्वाधार विकास कार्यालय, तेह्रथुम गम्भीर दुःख व्यक्त गर्दै घोर भर्त्सना गर्दछौं।

सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा फिल्डमा खटिइ कामकाज गर्ने राष्ट्रसेवक कर्मचारीमाथि यस्तो हिंसात्मक, अमर्यादित तथा अराजक गतिविधि कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन। यस घटनाले कर्मचारीहरुको मनोवलमा गम्भीर असर पार्नुका साथै सुरक्षित र मर्यादित कार्य वातावरणमाथि नै चुनौति सिर्जना गरेको छ। यस प्रकारको गैरकानूनी तथा अपराधिक घटनामा संलग्न व्यक्तिमाथि तत्काल निष्पक्ष छानविन गरी प्रचलित कानून बमोजिम कडा कारबाही गर्न सम्बन्धित निकाय समक्ष पूर्वाधार विकास कार्यालय, तेह्रथुम जोडदार माग गर्दै पूर्वाधार विकास कार्यालय भोजपुर संग एकबद्दता जाहेर गर्दछौं। यस घटनाबाट पिडित सब-इञ्जिनियर आनन्द कुमार साहको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। साथै यस्ता प्रकृतिका घटनाहरु पुःन दोहोरिन नदिने वातावरण सृजनाको लागि सम्बन्धित निकायलाइ अनुरोध समेत गर्दछौं ।